## ऐसेलुखर्क गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ११ मिति :२०७५/०५/१४

# भाग-२

## ऐसेलुखर्क गाउँपालिकाद्वारा प्रकाशित

## समपुरक कोष खर्च सञ्चालन सम्बन्धी कार्यविधि-२०७४

साझेदारी एवं सहभागितामूलक विकासलाई प्रवर्द्धन गर्दै विकासमा सबै पक्षको अपनत्व सुनिश्चित गर्न अनि सीमित स्रोत साधानको प्रयोग र परिचालन मार्फत अधिकतम विकास हासिल गर्न ऐसेलुखर्क गाउँपालिकाको समपुरक कोषको रकम खर्च गर्न आवश्यक भएकाले नेपालको संविधान धारा २१८ ले दिएको अधिकार प्रयोग गरी ऐसेलुखर्क गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भिक

**<u>१. संक्षिप्त नामः</u>** यस कार्यविधिको नामः यस कार्यविधिको नाम "समपुरक कोष खर्च सञ्चालन सम्बन्धी कार्यविधि-२०७४" रहनेछ।

**<u>२. प्रारम्भः</u>** यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**<u>३. परिभाषाः</u>** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,

**<u>(क) "समपुरक कोष भन्नाले"</u>** गाउँपालिकाले साझेदारीमा लगानी गर्ने रकम सम्झनु पर्दछ र यसले उपभोक्ता समिति, निर्माण कम्पनी/व्यावसायी एवं संस्थाले जम्मा गर्ने रकमलाई समेत जनाउनेछ।

**<u>(ख) "उपभोक्ता समिति भन्नाले"</u>** गाउँपालिकाको संयुक्त लगानीमा काम गर्न ईच्छुक समिति, निर्माण कम्पनी/व्यावसायी एवं सस्थालाई जनाउनेछ।

**<u>(ग) "लाभान्वित घरधुरी"</u>** भन्नाले साझेदारीको कामबाट प्रत्यक्ष फाईदा पाउने घरधुरी र सो मा बस्ने जनसंख्या समेतलाई जनाउनेछ।

**<u>(घ) "प्रस्ताव"</u>** भन्नाले गाउँपालिकामा पेश गर्ने योजनाको विवरण सहितको निवेदन सम्झनु पर्छ।

**<u>(ङ) "आ.ब."</u>** भन्नाले चालु आर्थिक वर्षलाई सम्झनु पर्दछ।

ऐसेलुखर्क गाउँपालिका

## परिच्छेद-२
## कोष संचालन प्रक्रिया

**५. कोषबाट व्ययभार हुने योजनाः** नयाँ निर्माण सम्बन्धी योजना मात्र यस कोषबाट सञ्चालन हुनेछ। पुराना र मर्मत गरी सञ्चालन गर्नु पर्ने योजनाहरु सञ्चालन गरिने छैन। तर चालु आ.ब. मा नै थालनी भएको र विनियोजित बजेट सकिन गई बाँकी रहेको योजनामा भने बाँकी रहेको योजना स्थलदेखि योजना सुचारु गरी सञ्चालन गर्न यस कार्यविधिले वाधा पुऱ्याउने छैन।

**६. उपभोक्ता समिति मार्फत संचालन हुनेः** यस कोषबाट सञ्चालन हुने सबै प्रकारका योजना/आयोजनाहरु उपभोक्त समिति मार्फत सञ्चालन हुनेछन। उपभोक्ता समिति साविक नियमानुसार गठन गठन हुनेछ।

**७. कोषबाट खर्च हुने रकमको सीमाः** यस कोषबाट चालु आ.व. का लागि अधिकतम रु १० (दश) लाख सम्मका योजनाहरु मात्र सञ्चालन गरिनेछ।

**८. कोषबाट खर्च हुने रकमः** योजनामा सामान्यतया देहाय बमोजिमका घरधुरी लाभान्वित हुने अवस्थामा गाउँपालिकाको तर्फबाट देहाय बमोजिको रकम उपलव्ध गराईनेछ।
(क) २० घरधुरी लाभान्वित भएमा ४० प्रतिशत सम्म,
(ख) २१ घरधुरी देखि ५० घरधुरी लाभान्वित भएमा ५० प्रतिशत सम्म र
(ग) ५१ घरधुरी भन्दा बढी लाभान्वित भएमा ६० प्रतिशत सम्म
तर गाउँपालिकाले आवश्यकता देखेमा औचित्यताका आधारमा ६० प्रतिशत सम्म रकम खर्च गर्न सक्नेछ तर बजेट सीमा भने नघ्ने छैन।

## परिच्छेद-३
## योजना संचालन प्रक्रियाः

**९. कोषको सुनिश्चितताः** दफा (६) बमोजिम गठित उपभोक्ता समितिले गाउँकार्यपालिकाले छुटयाए बाहेकको रकम ४० प्रतिशत ५० प्रतिशत र ६० प्रतिशत रकमको सुनिश्तचतता सम्बन्धित उपभोक्ता समिति, निर्माण कम्पनी/व्यवसायी एवं संस्थाले गर्नु पर्नेछ।

**१०. सूचना आव्हान वा प्रस्ताव माग गर्नेः** गाउँपालिकाको कार्यालयले विकास निर्माण सम्बन्धी कार्य गर्न कुनै उपभोक्ता समिति, निर्माण कम्पनी वा संस्थालाई प्रस्ताव पेश गर्न आव्हान गर्नेछ। यस्तो सूचना स्थानीय एफ.एम. वा पत्र पत्रिका मार्फत पनि प्रकाशन, प्रशारण गरिनेछ।

**<u>११. गाउँपालिकाले निर्णय गर्नेः</u>** दफा (१०) बमोजिम सूचना आव्हान भै प्रस्ताव प्राप्त भएपछि आवश्यक निर्णय गाउँपालिकाले गर्नेछ र सो को जानकारी सम्बन्धित उपभोक्ता समिति, निर्माण कम्पनी/व्यवसायी एवं संस्थालाई गराउनेछ।

**<u>१२. निवेदन दिनुपर्नेः</u>** उपभोक्ता समिति गठन गरी प्राविधिक पठाउन निवेदन दिनु पर्नेछ र गाउँ कार्यपालिकाबाट प्राविधिक पठाउनेछ।

**<u>१३. स्रोतको सुनिश्चितता गर्नुपर्नेः</u>** दफा (१२) बमोजिम गठित प्राविधिक मूल्याङ्कन पश्चात स्टिमेट बमोजिमको रकम अनुसार र गाउँ कार्यपालिकाले निर्णय गरेको समपुरक कोषबाट व्यय हुने बाहेकको (निर्णयअनुसार) बाँकी रकम ४० प्रतिशत वा ५० प्रतिशत वा ६० प्रतिशत रकम सुनिश्चित गरी त्यसको सक्कलै बैंक भौचर साथ योजना सम्झौताका लागि कार्यालयमा निवेदन दिनुपर्नेछ।

**<u>१४. खाता सञ्चालन प्रक्रियाः</u>** यस कार्यविधि बमोजिम समपुरक कोषको रकम खर्च गर्न सम्बन्धित योजनाको अध्यक्ष, कोषाध्यक्ष र गाउँपालिकाको योजना शाखाको कर्मचारीको संयुक्त दस्ताखतबाट खाता सञ्चालन गरिने छ।

**<u>१५.योजना सम्बन्धी अन्य प्रक्रियाः</u>** सम्बन्धित उपभोक्ता समिति, निर्माण कम्पनी/व्यवसायी एवं संस्थाले बैंक जम्मा गरेको रकम शतप्रतिशत पेश्की स्वरुप उपलव्ध गराईने र गाउँपालिकाबाट भुक्तानी हुने रकम प्राविधिक प्रतिवेदन सहितका योजना सम्पन्न भएपछि चाहिने आवश्यक कागजात प्राप्त भएपछि मात्र भूक्तानी हुनेछ।

## परिच्छेद -४

**<u>१६. निर्धारित समयमा गर्नुपर्नेः</u>** योजनाको काम सम्झौता बमोजिम निर्धारित समयमा गर्नु पर्नेछ।

**<u>२. दण्ड कारवाहीः</u>** समय सीमामा योजना सम्पन्न नगरेमा नियमानुसार दण्ड कारबाही हुनेछ।

**<u>३. बाधा अड्काउः</u>** यस कार्यविधि बमोजिम बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा निहित हुनेछ।

कार्यपालिकाबाट स्वीकृत मिति :- २०७४/१२/०५

आज्ञाले,
जीवन निरौला
प्रमुख प्रशासकीय अधिकृत